# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान
## स्कूल अफ नर्सिङ्ग तथा मिडवाईफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस)
## सानेपा, ललितपुर

## स्नातकोत्तर नर्सिङ्ग (MN) मा भर्ना आवेदन सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७५/०९/२६)

नेपालको ग्रामीण भेग र शहरी क्षेत्रमा बसोबास गर्ने जनसमुदाय बीच गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा विद्यमान विभेदपूर्ण स्थितिमा सुधार ल्याउन तथा स्वास्थ्यको क्षेत्रमा मुलुकलाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउने उद्देश्य बोकेको यस पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान व्यवस्थापिका-संसद्बाट वि.सं. २०६४ सालमा छुट्टै ऐनद्वारा स्थापित सार्वजनिक, स्वायत्त एवं गैह्र नाफामुखी विश्वविद्यालयस्तरको प्राज्ञिक संस्था हो । स्वास्थ्य विज्ञान सम्बन्धी शिक्षा, वैज्ञानिक अनुसन्धान तथा गुणस्तरीय स्वास्थ्य सेवाको माध्यमबाट ती उद्देश्य प्राप्त गर्ने लक्ष्य यस प्रतिष्ठानले लिएको छ । स्वास्थ्य विज्ञानसंग सम्वन्धित सबै विधा र तहका शैक्षिक कार्यक्रम सञ्चालन गर्न अख्तियार प्राप्त यस प्रतिष्ठानले आफ्नै स्कूल अफ नर्सिङ्ग एण्ड मिडवाइफेरी अन्तर्गत प्रवीणता प्रमाण-पत्र तह नर्सिङ्गको पढाई वि.स. २०१६ साल (सन् १९५९) मा स्थापित ललितपुर नर्सिङ्ग क्याम्पसलाई यसै प्रतिष्ठानमा समाहित गरी शैक्षिक सत्र २०७३/२०७४ देखि प्राज्ञिक कार्यक्रम सञ्चालन गरिएको छ । शैक्षिक सत्र २०७५/०७६ मा स्नातकोत्तर नर्सिङ्ग (MN) कार्यक्रममा अध्ययन गर्न चाहने विद्यार्थीहरु प्रतिस्पर्धात्मक प्रवेश परीक्षाको माध्यमबाट छनौट गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन आह्वान गरिएको कुरा आवेदक, तिनका अभिभावक, सरोकारवाला तथा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान ऐनको भावना एवं मर्म अनुरुप सञ्चालन गरिने यो कार्यक्रमले नर्सिङ्ग शिक्षाका नबिनतम अवधारणा र मान्यतालाई समेट्दै बैज्ञानिक पाठ्यक्रम, उपयुक्त शिक्षण विधि, योग्य र अनुभवी शिक्षक र समर्पित नेतृत्व बीच प्रभावकारी संयोजन गरेर प्राविधिक रुपले सक्षम र सामाजिक उत्तरदायित्व बोधयुक्त नर्सिङ्ग जनशक्ति उत्पादन गरी ती जनशक्तिलाई नेपालको पिछडिएको क्षेत्र, दुर्गम तथा ग्रामीण भेगमा बसोबास गर्ने जनसमुदायको स्वास्थ्य स्थिति सुधार्ने काममा परिचालन गर्ने उद्देश्य राखेको हुँदा सो लक्ष्य प्राप्तिमा योगदान गर्न चाहने आवेदकहरुलाई यस कार्यक्रममा आवेदन गर्न आह्वान गरिन्छ ।

स्नातकोत्तर नर्सिङ्ग (MN) कार्यक्रम अन्तर्गत चालू शैक्षिक सत्र २०७५/०७६ मा **कुल २४ जना विद्यार्थी** भर्ना हुनेछन् । कुल सीट संख्याको १५% सिट पुरुष आवेदकका लागि छुट्याइएको छ । कुल भर्ना सीटको १५% छात्रवृत्तिका लागि तथा प्रतिष्ठानको नर्सिङ्गमा विभागमा कार्यरत शिक्षक तथा कर्मचारीको लागि एक (१) स्थान सुरक्षित गरिएको छ । बाँकी पूर्ण शुल्क अन्तर्गत छुट्याईएको छ । **आवेदकले छात्रवृत्ति र पूर्ण शुल्क मध्ये कुनै एकमा मात्र दरखास्त दिन पाउनेछन् ।** यसैगरी कुल भर्ना संख्याको १०% सीट आरक्षित (पूर्ण शुल्क) गरिएको छ । छात्रवृत्ति, आरक्षण, र

प्रतिष्ठानका कर्मचारीको लागि छुट्टयाईएको सीट रिक्त हुन गएमा खुल्लातर्फको पूर्ण शुल्क समूहबाट भर्ना लिईनेछ । भर्ना सम्वन्धी शैक्षिक शुल्क (अन्य शुल्क सहित) प्रतिष्ठानले तोके बमोजिम हुनेछ ।

**१. आवश्यक न्यूनतम योग्यता**

१.१ आवेदक नेपाली नागरिक हुनु पर्नेछ ।

१.२ मान्यता प्राप्त शिक्षण संस्थाबाट PBN/BNS वा B.Sc. Nursing मा कुल पूर्णाङ्कको कम्तीमा पचास प्रतिशत (५०%) अङ्क ल्याई उत्तीर्ण गरी सम्वन्धित विषयमा न्यूनतम दुई (२) बर्षको कार्य अनुभव भएको हुनु पर्नेछ । B.Sc. Nursing को हकमा नर्सिङ्ग परिषद्मा दर्ता भए पश्चात मात्र कार्य अनुभवको गणना हुनेछ ।

१.३ नेपाल नर्सिङ्ग परिषद्मा नाम दर्ता भएको हुनु पर्नेछ । दर्ताको म्याद सकिएको भए नविकरण गरिएको हुनुपर्नेछ ।

**२. परीक्षाको किसिम**

२.१ PBN, BNS र B.Sc. नर्सिङ्गको पाठ्यक्रममा आधारित वस्तुगत बहुवैकल्पिक प्रश्नको लिखित परीक्षा हुनेछ ।

२.२ प्रश्नहरु १०० वटा हुनेछन् र समय दुई (२) घण्टाको हुनेछ ।

**३. आवेदन फारमको साथमा सबै समूहका आवेदकले अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरु :**

***सबै छायाँप्रति कागजातहरु अनिवार्य रुपमा नोटरीद्वारा प्रमाणित गरिनु पर्नेछ । नोटरीद्वारा प्रमाणित नगरिएका छाँयाप्रति कागजातहरुलाई मान्यता दिइने छैन ।***

३.१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।

३.२ प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरहको लब्धाङ्कपत्र र चारित्रिक प्रमाण-पत्रको प्रमाणित छायाँप्रति ।

३.३ मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण-पत्र तह र स्नातक तह PBN, BNS वा B.Sc. नर्सिङ्गको लब्धाङ्क-पत्र र चारित्रिक प्रमाण-पत्रको प्रमाणित छाँयाप्रति ।

३.४ नर्सिङ्ग परिषद्मा दर्ता भएको प्रमाण-पत्रको प्रमाणित छाँयाप्रति ।

३.५ स्नातक तह उत्तीर्ण पश्चात नर्सिङ्ग पेशामा रही कम्तीमा दुई (२) बर्ष काम गरेको अनुभव खुल्ने पत्रको प्रमाणित छायाँप्रति ।

३.६ बिदेशी बोर्ड अन्तर्गत उत्तीर्ण भएका बिद्यार्थीहरुको हकमा माइग्रेसन प्रमाणपत्र र समकक्षता प्रमाणपत्र (Equivalence Certificate) को प्रमाणित छाँयाप्रति समेत अनिबार्य पेश गर्नुपर्नेछ ।

३.७ हालसालै (तीन महिना भित्र) चस्मा नलगाई खिचेको पासपोर्ट साइजको रङ्गीन फोटो तीन (३) प्रति ।

३.८ रु. ४,५००।- (अक्षरुपि चार हजार पाँच सय मात्र) तिरेको सक्कल भौचर ।

**४. ग्राह्यता/प्राथमिकता अङ्क प्राप्त गर्ने आवेदकले पेश गर्नु पर्ने कागजातहरुः**

प्रवेश परीक्षामा उत्तीर्ण गरेका आवेदकहरुमध्ये नेपाल सरकार मातहतका स्वास्थ्य संस्थामा सेवा गरेका आवेदकलाई सेवारत जिल्लाको मानव विकास सूचाकाङ्क (HDI) को आधारमा ग्राह्यता/प्राथमिकता अङ्क पाउनेछन् । योग्यताक्रम (Merit List) को आधारमा छनौट प्रकृया अवलम्वन गरिनेछ । ग्राह्यता/प्राथमिकता अङ्क प्राप्त गर्न आवेदकले सो स्थानमा काम गरेको कार्य अनुभवको प्रमाण-पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

**५. छात्रवृत्ति स्थानमा आवेदन दिने आवेदकले पेश गर्नु पर्ने कागजातहरुः**

छात्रवृत्ति अन्तर्गत कुल सीट संख्याको पन्ध्र प्रतिशत (१५%) बिद्यार्थीहरु छनौट हुनेछन् । सामुदायिक विद्यालयबाट ८, ९, १० कक्षा अध्ययन गरी माध्यामिक शिक्षा (एस.एल.सी.) वा सो सरह परीक्षा उत्तीर्ण गरेका विपन्न बर्गमा पर्ने आवेदकले छात्रवृत्तिका लागि आवेदन दिन पाउनेछन् ।

कूल छात्रवृत्ति सिट संख्याको पैतालिस प्रतिशत (४५%) सिट महिला, दलित, आदिवासी/जनजाति, मधेसी तथा पिछडिएको क्षेत्रका आवेदकहरुको लागि आरक्षित गरिएको छ ।

**आवेदकले अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरु :**

५.१ आवेदक विपन्न हो भनी सम्वन्धित वडा कार्यालयबाट जारी कागजातको प्रमाणित प्रतिलिपि । **विपन्नता प्रमाणपत्रमा विपन्न शब्द अनिवार्य उल्लेख गरिएको हुनु पर्नेछ ।**

५.२ आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको र प्रवेशिका परीक्षा दिएको विद्यालय सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी सम्बन्धित जिल्लाको जिल्ला शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सम्बन्धित जिल्लाका जिल्ला शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

५.३ सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्क-पत्रको प्रमाणित छायाँप्रति ।

**छात्रवृत्ति अन्तर्गत आरक्षित स्थानमा आवेदन दिन चाहने आवेदकको हकमा पेश गर्नु पर्ने कागजातहरु**

५.४ आवेदक **दलित** भएमा राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

५.५ आवेदक **आदिवासी/जनजाति** भएमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

५.६ आवेदक **मधेशी** भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

५.७ आवेदक **पिछडिएको क्षेत्रमा स्थायी बसोबास** गरेको भए सम्वन्धित गाउँपालिका वा नगरपालिकाबाट जारी कागजातको प्रमाणित प्रतिलिपि । तर नागरिकता लिएको स्थानबाट अन्य गाउँपालिका वा नगरपालिका वा जिल्लामा बसाइँ सरेको भए पूर्व गाउँपालिका वा नगरपालिकाबाट बसाइँ सरेको व्यहोरा समेत खुल्ने गरी हाल स्थायी बसोबास गरेको गाउँपालिका वा नगरपालिकाबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

**<u>६. आरक्षित (पूर्ण शुल्क) स्थानमा आवेदन दिने आवेदकले पेश गर्नु पर्ने कागजातहरुः</u>**

सामुदायिक विद्यालयबाट ८, ९, १० कक्षा अध्ययन गरी माध्यामिक शिक्षा (एस.एल.सी.) वा सो सरह परीक्षा उत्तीर्ण गरेका गाउँपालिकामा स्थायी बसोबास गर्ने महिला, दलित, आदिवासी/जनजाति, मधेसी तथा पिछडिएको क्षेत्रका आवेदकहरुको लागि आरक्षित गरिएको छ ।

आरक्षित समूहमा छुट्टयाईएको सीट संख्यामा सबै उप-समूहलाई समान हिसावले सीट वितरण गरिनेछ । यसरी आरक्षित समूहमा छुट्टयाईएको सीट संख्या समान वितरण गर्दा न्यूनतम सीट संख्या अपुग भएमा वा बराबरी वितरण गरेर बाँकी रहेको सीट संख्याको लागि सबै उप-समूहलाई एउटै समूह मानी आवेदकहरुमध्येबाट उनीहरुले प्रबेश परीक्षामा पाएको कुल अङ्कभारका आधारमा वरियतक्रममा छनौट गरिनेछ । यदि कुनै पनि उम्मेदवार आरक्षित कोटामा उत्तीर्ण हुन नसकेको खण्डमा सो स्थानमा योग्यताक्रमानुसार खुल्ला समूहको उम्मेदवारलाई भर्ना गरिनेछ । आरक्षित समूहका आवेदकहरु खुल्लातर्फको सीटमा छनौटमा परेका भए आरक्षित सीटमा गणना गरिने छैन ।

**यो समूहमा आवेदन दिन चाहनेले निम्नानुसार प्रमाणित छायाँप्रतिहरु अनिवार्य रूपमा पेश गर्नुपर्नेछः**

६.१ आवेदक ग्रामीण क्षेत्रमा हालसम्म स्थायी बसोबास गरेको हो भन्ने व्यहोरा प्रष्ट खुल्ने गरी सम्बन्धित गाउँपालिकाबाट जारी कागजातको प्रमाणित छायाँप्रति । आवेदक अन्य गाउँपालिका वा जिल्लामा बसाइँ सरी ग्रामीण क्षेत्रमै स्थायी बसोबास गरि राखेको भए पूर्व गाउँपालिकाबाट बसाइँ सरेको व्यहोरा खुल्ने गरी हाल स्थायी बसोबास गरेको गाउँपालिकाबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **६ महिना भित्र जारी गरिएको** स्थायी बसोबासको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ । साथै आवेदकको नागरिकतामा उल्लेखित स्थायी ठेगाना निज ग्रामीण क्षेत्रमा स्थायी बसोबास गरेको प्रमाणसंग मिल्ने हुनुपर्नेछ ।

६.२ आवेदकले ८, ९ र १० कक्षा उत्तीर्ण गरेको र प्रवेशिका परीक्षा दिएको विद्यालय सामुदायिक विद्यालय हो भन्ने प्रमाण प्रष्ट खुल्ने गरी सम्बन्धित जिल्लाको जिल्ला शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति । एक भन्दा बढी सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सो समेत खुल्ने प्रमाण सहित सम्बन्धित जिल्लाको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

६.३ सामुदायिक विद्यालयबाट ८, ९ र १० कक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रमाणित छायाँप्रति ।

६.४ आवेदक **दलित** भएमा राष्ट्रिय दलित आयोग वा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

६.५ आवेदक **आदिवासी/जनजाति** भएमा आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

६.६ आवेदक **मधेसी** भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट जारी कागजातको प्रमाणित छायाँप्रति ।

६.७ आवेदक **पिछडिएको क्षेत्रमा स्थायी बसोबास** गरेको भए सम्वन्धित गाउँपालिकाबाट जारी कागजातको प्रमाणित प्रतिलिपि । तर नागरिकता लिएको स्थानबाट अन्य गाउँपालिका वा जिल्लामा बसाइँ सरेको भए पूर्व गाउँपालिकाबाट बसाइँ सरेको व्यहोरा समेत खुल्ने गरी हाल स्थायी बसोबास गरेको गाउँपालिकाबाट जारी कागजातको प्रमाणित छायाँप्रति । **पिछडिएको क्षेत्रका नगरपालिकामा बसोबास गर्ने आवेदकले यस अन्तर्गत आवेदन दिन पाउनेछैनन् ।**

**७. प्रतिष्ठानका कर्मचारीका लागि छात्रवृत्तिको व्यवस्थाः**

प्रतिष्ठानमा कार्यरत रहेका नर्सिङ्ग शिक्षक तथा कर्मचारीका लागि एक (१) स्थान सुरक्षित गरिएको छ । स्थायी पदमा रही न्यूनतम सात (७) बर्ष अविच्छिन्न काम गरेका शिक्षक तथा कर्मचारीको हकमा मात्र यो व्यवस्था लागू हुनेछ । परीक्षार्थीले लिखित परीक्षामा तोकिएको न्यूनतम अङ्क हासिल गरेको हुनु पर्नेछ । आवेदकले प्रतिष्ठानमा स्थायी भई न्यूनतम सात (७) बर्ष कार्य अनुभव हासिल गरेको व्यहोरा खुलेको पत्र अनिवार्य पेश गरेको हुनु पर्नेछ । छनौटको आधार प्रतिष्ठानको निर्देशिकामा व्यवस्था भए बमोजिम हुनेछ ।

**८. स्नातकोत्तर नर्सिङ्ग कार्यक्रममा अध्यापन हुने विषयहरु**

- Women Health and Development Nursing
- Adult Health Nursing
- Community Health Nursing
- Psychiatric Nursing
- Child Health Nursing

समाबेश गरिएका विषयहरुको छनौट प्रकृयामा प्रवेश परीक्षामा प्राप्त गरेको अङ्कको बरियताक्रम (Merit List) को आधारमा Open House Counseling गरी उपर्युक्त बिषयको छनौट विधि अवलम्वन गरिनेछ ।

**९. आवेदन फारम :**

**आवेदन फाराम वितरण गर्ने मितिः**

मिति २०७५ माघ १ गते मंलगबारदेखि २०७५ माघ २२ गते मंगलवारसम्म (शनिबार बाहेक) **सिद्धार्थ बैङ्क अन्तर्गत काठमाण्डौ उपत्यकाभित्र रहेका कुनै पनि शाखामा ललितपुर नर्सिङ्ग क्याम्पसको नामको खाता नं. ०१७१५३०५०२६** मा जम्मा हुने गरी फाराम शुल्क वापत रु. ५००/– तिरेको बैंक भौचर पेश गरेपछि दैनिक बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेभित्र आवेदन फाराम लिन सकिनेछ ।

**आवेदन फाराम बुझाउने मिति** : आवेदन फारम भरी उपरोक्त बैंक खातामा जम्मा हुने गरी प्रवेश परीक्षा शुल्क वापत रु. ४५००/- तिरेको बैंक भौचर सहित दैनिक बिहान १0:00 बजेदेखि अपरान्ह ४:00 बजेभित्र मिति २०७५ माघ १ गते मंलगबारदेखि २०७५ माघ २२ गते मंगलवारसम्म र विलम्ब शुल्क वापत दोब्बर प्रवेश परीक्षा शुल्क तिरी मिति २०७५ माघ २३ गते बुधवारदेखि माघ २५ गते शुक्रबारसम्म आवेदन फाराम बुझाउन सकिनेछ ।

**आवेदन फाराम लिने र बुझाउने स्थान** : पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान, स्कूल अफ नर्सिङ्ग तथा मिडवाईफेरी ( ललितपुर नर्सिङ्ग क्याम्पस) सानेपा, ललितपुर । **सम्पर्क फोन : ०१-५५२६४९० र ०१-५५२१६३४ ।**

**१०. प्रवेशपत्र वितरण गर्ने मिति:** २०७५ फाल्गुन ८ - ९ गते, बिहान १०.०० बजेदेखि अपरान्ह ४.०० बजेसम्म । **प्रवेशपत्र लिन आवेदक स्वंय अनिवार्य उपस्थित हुनु पर्नेछ ।**

**११. प्रवेश परीक्षा मिति र समय** : प्रवेश परीक्षाको मिति र समय प्रवेशपत्र वितरण गर्दा जानकारी गराइनेछ ।

**१२. प्रवेश परीक्षा केन्द्र** : ललितपुर नर्सिङ्ग क्याम्पस) सानेपा, ललितपुर ।

**१३. फाराम तथा प्रवेश परीक्षा शुल्क :**

**आवेदन फाराम शुल्क : रु. ५००/- (अक्षरुपि पाँचसय मात्र)**

आवेदकले सिद्धार्थ बैङ्क अन्तर्गत काठमाण्डौ उपत्यकाभित्र रहेका कुनै पनि शाखामा **ललितपुर नर्सिङ्ग क्याम्पसको नामको खाता नं. ०१७१५३०५०२६** मा जम्मा हुने गरी फाराम शुल्क तिरेको बैंक भौचर पेश गरेपछि आवेदन फाराम लिन सक्नेछन् ।

**प्रवेश परीक्षा शुल्क : रु. ४,५००/- (अक्षरुपि चारहजार पाँचसय मात्र)**

फारम दर्ता गराउन आउँदा माथि उल्लेखित बैङ्कको खाता नम्वरमा प्रवेश परीक्षा शुल्क सक्कल तिरेको भौचर आवेदन साथ नत्थी गरी बुझाउनु पर्नेछ ।

**विलम्ब शुल्क** : विलम्ब गरी फाराम बुझाउने आवेदकहरुले विलम्ब शुल्कका रुपमा **दोब्बर प्रवेश परीक्षा शुल्क** बुझाउनु पर्नेछ

**आवेदन फारम शुल्क र प्रवेश परीक्षा प्रवेश परीक्षा शुल्क बापत बुझाईएको रकम फारम रद्द भएपनि फिर्ता हुने छैन ।**

**१४. अन्य जानकारी :**

१५.१ म्याद नाघी आएको वा रीत नपुगेको वा आवेदनसाथ संलग्न गर्नुपर्ने कागजात पूरा नभएको आवेदन दर्ता गरिने छैन ।

१५.२ दर्ता गरी संकलन गरिएका फारम रुजु गर्दा रीत नपुगेको पाइएमा प्रतिष्ठानले त्यस्ता फारम रद्द गर्न सक्नेछ ।

१५.३ यदि कुनै विद्यार्थीले नक्कली कागजात वा झुट्टो विवरण पेश गरेको प्रमाणित भएमा सो विद्यार्थीलाई प्रतिष्ठानले कुनै पनि समय शैक्षिक कार्यक्रमबाट निष्कासन गर्नेछ ।

१५.४ छात्रवृति योजना अन्तर्गत अध्ययन गर्ने विद्यार्थीको हकमा नेपाल सरकार वा यस प्रतिष्ठानले तोकेको स्वास्थ्य संस्थामा गई निश्चित अवधिभर काम गर्नु पर्नेछ । छात्रवृत्ति अन्तरगत अध्ययन गरेका विद्यार्थीहरुले कबुलियतनामामा उल्लेख भएको अवधिभर काम गरिसकेपछि मात्र यस प्रतिष्ठानबाट प्रदान गरिने स्नातकोत्तर नर्सिङ्गको स्थायी प्रमाण-पत्र पाउनेछन् ।

**द्रष्टव्य :**

१. आवेदन फारम बुझाउँदा उल्लेखित सम्पूर्ण कागजातहरुको सक्कल प्रति साथमा लिई आउनु पर्नेछ ।

२. सबै छायाँप्रति कागजातहरु अनिवार्य रुपमा नोटरीद्वारा प्रमाणित गरिनु पर्नेछ । नोटरीद्वारा प्रमाणित नगरिएका छाँयाप्रति कागजातहरुलाई मान्यता दिइने छैन ।

२. पिछडिएको क्षेत्र भन्नाले हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बझाङ्ग, बाजुरा, जाजरकोटलाई जनाउँदछ । संविधान सभा सदस्य निर्वाचन ऐन, २०६४ तथा संविधान सभा सदस्य निर्वाचन नियमावली, २०६४ को दफा ७ उपदफा (३) संग सम्वन्धित अनुसूची (१) ।

**थप जानकारीको लागि :**

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

स्कूल अफ नर्सिङ्ग एण्ड मिडवाइफेरी (ललितपुर नर्सिङ्ग क्याम्पस), सानेपा, ललितपुर

फोन नं. : ०१-५५२१६३४, ५५२६४९०

Website : www.pahs.edu.np